**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक ११ गते मंगलबार ❑ 28 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै छठ पर्व मनाइयो

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक

पोखरामा सोमबार अस्ताउदो सूर्यलाई अर्ध्य दिदै छठ पर्व धुमधामका साथ मनाइएको छ।

सूर्य उपासना र आस्थाको पर्व छठ पर्व मनाउन सुर्यका भक्तहरु फेवातालदेखि सेतीनदी हुँदै मन्दिर र पोखरीसम्म धार्मिक उल्लासका साथ अस्ताउदो सूर्यलाई अर्घ सहितको फलफुल चढाउदै छठ पर्व मनाएका हुन्।

मंगलबार बिहान उदाउदो सुर्यलाई अर्घ दिएसंगै यस बर्षको छठ पूजा विधिवत रुपमा समापन हुने भएको हो। तराई-मधेश समुदायका श्रद्धालुहरूले पोखरामै सहज वातावरणमा सूर्यदेवको आराधना गर्न सकून् भन्ने उद्देश्यले पोखराका चार प्रमुख स्थल–फेवाताल किनार स्थित केदारेश्वर महादेवमणि मन्दिर परिसर, नारायणथान मन्दिर, भद्रकाली मन्दिर तलको कमलपोखरी र सेती-कालिखोला संगमस्थित रिठ्ठाघाट



त्रिवेणीधाममा विशेष व्यवस्थापन गरिएको छ।

यी स्थलहरूमा सरसफाइ, झिलिमिली बत्ती, फूलमाला र टेन्ट जडान गरी पूजाका लागि आवश्यक तयारी गरिएको छठ पूजा समितिहरूले जनाएका छन्। पोखराको नारायणथान मन्दिर नजिकको नहरबाट पोखरामा छठ पर्व मनाउन सुरु भएको नारायणथान मन्दिर संरक्षण समितिका उपाध्यक्ष विनोद गुप्ताले जानकारी दिनुभयो।

नेपाल भारत व्यवसायी संघ (एन.बी.) छठ पूजा समितिको आयोजनामा हुने केदारेश्वर क्षेत्रमा असूतउदो सुर्यलाई सुर्यका भक्तहरुले दिउसै देखि अर्घ दिन सुरु गर्नु भएको समितिका अध्यक्ष विश्राम कुशवाहाले बताउनु भयो। आज अपराह्न साढे ३ बजेदेखि साँझ ६ बजेसम्म र मंगलबार बिहान साढे ३ बजेदेखि ७ बजेसम्म छठ पूजा सम्पन्न हुने उहाँले जनाउनु भयो।

पूर्वअध्यक्ष भुनेस कुमारका अनुसार पछिल्ला वर्षमा पोखरामै बसोबास गर्ने तराई-मधेश समुदायका श्रद्धालुहरूले पोखरामै छठ पर्व मनाउने परम्परा स्थापित गर्दै आउनु भएको छ।

रिठ्ठाघाट त्रिवेणीधाम छठ पूजा समितिका अध्यक्ष हरिश्चन्द्र प्रसाद कुशवाहाले सेती र कालिखोला किनारमा टेन्ट, बत्ती र श्रद्धालुका लागि बस्ने व्यवस्था मिलाइएको बताउँदै सोमबार रातिदेखि खाजा र मंगलबार बिहान प्रसाद वितरणका लागि स्वयंसेवक टोली खटाइएको जानकारी दिनुभयो। अघिल्ला बर्षको तुलनामा यस बर्ष छठ पर्व मनाउनेको केही कमी भएको बताइन्छ।

त्यस्तै, नेपाल बढी समाज भद्रकाली छठ पूजा समितिका अध्यक्ष तारानन्द शर्माले परम्परा अनुसार केराको खम्बा, उखु, सुन्तला, भोगटे लगायतका फलफूलका बोटहरूले मण्डप सजाउने र सूर्यदेवलाई भगवानका रूपमा अर्घ दिई मनोकामना पूर्तिको कामना गर्दै छठ पूजा हुने गरेको बताउनु भयो। समितिका सचिव रामजुलुस शर्माले आफुहरुले सुर्यको मर्म र भावना अनुसार नेपाली परम्परा अनुसार विधि पूर्वक छठ पर्व विगत ७ बर्ष देखि कमलपोखरीमा धुमधामका साथ छठ पर्व मनाउन थालेको दाबी गर्नुभयो।

## संस्कृति, परम्परा एवम् सभ्यताको जगेर्ना साझा दायित्व: मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मुलुकभित्रका संस्कृति, परम्परा एवम् सभ्यताको जगेर्ना गर्नु सबैको साझा कर्तव्य भएको बताउनुभएको छ।

छठ पर्वका अवसरमा सोमबार शुभकामना सन्देश व्यक्त गर्दै उहाँले यस पर्वले भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधतायुक्त समाजमा अपसी एकता, सद्भाव र बन्धुत्वको भावनालाई प्रगाढ बनाउने बताउनुभएको छ।

समाजमा विद्यमान सबै प्रकारका सामाजिक विभेद र विसङ्गतिलाई अन्त्य गर्दै समतामूलक एवं सुसंस्कृत समाजको निर्माणका लागि छठ पर्वले हामी सबैलाई प्रेरणा मिल्ने विश्वास व्यक्त गर्दै उहाँले यस पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि र उत्तरोतर प्रगतिको शुभकामना व्यक्त गर्नुभएको छ।

सांस्कृतिक, भाषिक, कला, सभ्यता एवं धार्मिक विविधताले भरिपूर्ण विश्वमै विशाल र वैभवशाली रहेको सन्देशमा भनिएको छ। नेपालको तराई तथा मधेस क्षेत्रमा श्रद्धा एवम् भक्तिपूर्वक मनाइने छठ (छठीमाई) हाल आएर पहाडी तथा हिमाली जिल्लामा समेत सूर्य देवता र छठी माताको पूजाअर्चना गरी मनाउने उल्लेख गर्दै सन्देशमा विधिपूर्वक छठको व्रत सम्पन्न गर्नाले मनोवाञ्छित फल पाइने, परिवारको कल्याण हुने र व्यक्तिगत दुःख कष्ट हटेर जाने जनविश्वास रहेको भनिएको छ।

पृथ्वीलाई समान रूपमा शक्ति, ताप र प्रकाश दिने सूर्यको पूजा तथा आराधना गरी कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीका दिनसम्म नदी, तालतलैया वा पोखरीको किनारमा अस्ताउँदो र उदाउँदो सूर्यको किरणलाई दूधको अर्घ्य दिएर यो चाड मनाइने सन्देशमा उल्लेख छ।

यस पर्वले हामी सबैमा नयाँ उत्साह, जोस र जाँगर थप्दै गण्डकी प्रदेश सरकारले लिएको 'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी'को सङ्कल्प हासिल गर्न थप प्रेरित गर्नेछ भन्ने विश्वासका व्यक्त गर्दै सन्देशमा सबैमा उत्तरोत्तर प्रगतिको मङ्गलमय शुभकामना व्यक्त गरिएको छ।

## छठ पर्व प्रकृति र मानव जीवनबीचको सम्बन्ध स्थापित गर्ने पर्व: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सूर्य देवता र छठी माताको पूजा आराधाना गरी मनाइने पर्व छठ प्रकृति र मानव जीवनबीचको सम्बन्ध स्थापित गर्ने पर्व रहेको बताउनुभएको छ।

छठ पर्वको अवसरमा सोमबार शुभकामना सन्देश जारी गर्नुहुँदै प्रदेश प्रमुख भट्टले मानव जीवनका लागि अनिवार्य जल, जमिन र सूर्यसँग जोडिएको छठ पर्वले प्रकृतिप्रतिको सम्मान पनि दर्शाउने उल्लेख गर्नुभएको छ।

शुभकामना सन्देशमा भन्नुभएको छ – 'शुद्धाशुद्धिमा विशेष ध्यान यो पर्वको अर्को विशेषता हो, जसले स्वास्थ्यलाई फाइदा पुऱ्याउन सघाइरहेको हुन्छ। धार्मिक तथा साँस्कृतिक विविधताले सम्पन्न हाम्रो मुलुकमा मनाइने यस्ता चाडपर्वले राष्ट्रिय एकता र सामाजिक सम्मिलनमा समेत महत्वपूर्ण योगदान पुऱ्याएका छन्।'

खासगरी तराई तथा मधेश क्षेत्रमा मनाइने छठ पर्व पछिल्लो समय काठमाडौं, पोखरालगायत पहाडी तथा हिमाली जिल्लाहरूमा समेत श्रद्धा एवम् भक्तिपूर्वक मनाउने चलन बढ्दै गएको उल्लेख गर्दै उहाँले यसबाट धर्म संस्कृति, रीतिरिवाज तथा चाडपर्वले हामीबीच आपसी सद्भाव र एकतालाई अभिवृद्धि गर्दै लगेको प्रष्ट हुने बताउनुभएको छ। प्रकृतिको पूजा गरिने छठ पर्वले हामी सबै नेपालीमा राष्ट्रिय एकता, अखण्डता, मेलमिलाप र सहमति कायम गर्दै नेपाललाई शान्ति र अमनचयन कायम गर्ने दिशामा प्रेरणा मिलोस् भन्ने शुभकामना पनि उहाँले व्यक्त गर्नुभएको छ।

## उच्च हिमाली पदमार्गमा यात्रा नगर्न मुस्ताङ प्रशासनको आग्रह

पोखरापत्र संवाददाता
मुस्ताङ, १० कार्तिक

मुस्ताङ प्रशासनले यहाँस्थित पर्यटकीय पदमार्गमा यात्रा नगर्न पदयात्रीलाई आग्रह गरेको छ।

सोमबार एक सूचना प्रकाशित गरी जिल्ला प्रशासन कार्यालय मुस्ताङले जल तथा मौसम विभागले बुधबारसम्म मौसम प्रतिकूल रहने बताएपछि मुस्ताङका उच्च हिमाली क्षेत्रमा पदयात्रा नगर्न अनुरोध गरेको हो। मुस्ताङका उच्च हिमाली क्षेत्रको मुस्ताङ-डोल्पा, पाँच हजार ८०० मिटर उचाइको याकखर्क क्षेत्र, पाँच हजार ४०० मिटर उचाइको मनाङ-मुस्ताङ थोरङ्लापास, छ हजार मिटर उचाइको मुस्ताङ-मनाङ सरिबुङ पास र मुस्ताङ-म्याग्दीको धौलागिरि पदमार्गको धम्पुस पिकलगायतका क्षेत्रहरूमा भारीदेखि हल्का हिमपात हुने विभागको प्रक्षेपण छ। त्यसैले उक्त क्षेत्र भएर पदयात्रा नगर्नु/नगराउनुहुन अनुरोध गरिएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले बताउनुभयो। सूचना अनुसार जिल्लाको अन्य भागमा समेत बुधबारसम्म हिमपात र वर्षाको सम्भावना रहेकाले पर्यटक तथा तीर्थयात्रीहरूले मौसम पूर्वानुमानसम्बन्धी जानकारी लिएर उच्च सतर्कताका साथ यात्रा गर्न समेत अनुरोध गरेको छ।

## पर्यटक बढेपछि व्यवसायी उत्साहित

पोखरापत्र संवाददाता
मुस्ताङ, १० कार्तिक

चाडपर्वको समयमा यसपटक पर्यटकको रोजाइमा बागलुङ पनि परेको छ। तिहारपछिको लामो बिदाका कारण बागलुङमा पर्यटकको सङ्ख्या यसपटक उल्लेख्य वृद्धि भएको हो।

तिहारलगत्तै बागलुङमा पर्यटकको आगमनले होटलहरू भरिएका छन् भने व्यवसायी उत्साहित भएका छन्। अहिले बागलुङको ढोरपाटनसहितका पर्यटकीयस्थल र मुस्ताङ पुग्ने पर्यटकका कारण बागलुङका होटल भरिभराउ छन्।

तिहारयता बागलुङका होटलमा पर्यटकको चाप बढेर व्यवस्थापनमा चुनौती बढेको छ। कतिपय पर्यटकलाई होटलको हलमा राखिएको छ। कालीगण्डकी करिडोरअर्न्तगत बालढुङ्गादेखि बेनी जाने सडक निर्माणाधीन भएकाले बागलुङ-बेनी हुँदै मुक्तिनाथ जाने पर्यटकको सङ्ख्या बढेपछि बागलुङका होटल भरिभराउ भएका हुन्। विशेषगरी बागलुङको कालिका मन्दिर, विश्वकै दोस्रो लामो झोलुङ्गे पुल, पञ्चकोट र शालग्राम शिलाका कारण बागलुङमा पर्यटकको सङ्ख्या बढेको छ होटल दि राजन बागलुङका सञ्चालक एन्जील शाक्यले बताउनुभयो। उहाँका अनुसार तिहारको भोलिदेखि होटलमा शतप्रतिशत बुकिङ छ। बढी भएका पर्यटक म्याग्दी र पर्वत पठाइएको उहाँले सुनाउनुभयो।

दसैं अगाडि भएको जेनजी आन्दोलन र बाढीपहिरोको कारण होटलमा खासै बुकिङ नभएको अवस्था थियो। तर तिहारपछि भने पर्यटक बढेको शाक्यले जानकारी दिनुभयो। मुस्ताङ हिँडेका केही पर्यटकसमेत बागलुङमा थप समय बिताउन थालेका हुन्। जिल्लामा आकर्षक गन्तव्यस्थलका रुपमा रहेका नेपालका एक सय पर्यटकीय गन्तव्यको सूचीमा समावेश प्रसिद्ध बागलुङ कालिका र सर्वसिद्धिधाम पञ्चकोट, विश्वकै दोस्रो लामो झोलुङ्गे पुल, शालग्राम सङ्ग्रहालयलगायतले बागलुङको पर्यटन चलायमान बनाएको छ। जिल्ला सदरमुकाम बागलुङ बजारमा दुई दर्जनभन्दा बढी सुविधायुक्त होटल छन्।

बताउनुभयो। सूचना अनुसार जिल्लाको अन्य भागमा समेत बुधबारसम्म हिमपात र वर्षाको सम्भावना रहेकाले पर्यटक तथा तीर्थयात्रीहरूले मौसम पूर्वानुमानसम्बन्धी जानकारी लिएर उच्च सतर्कताका साथ यात्रा गर्न समेत अनुरोध गरेको छ।


**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं।**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- ◆ पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं,
- ◆ सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- ◆ सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ◆ सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- ◆ सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- ◆ मादक/लागू पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# तिहारमा फूल बिक्रीबाटै सात लाख

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० कार्तिक



स्याङ्जाको चापाकोट नगरपालिका-१ बेलडाँडाका कृषक तुलसीराम भण्डारीले सयपत्री फूल बिक्री गरेर राम्रो आम्दानी गरेका छन् । भण्डारीले तिहारको अवधिमा फूलको माला, थुँगा र बिरुवा बिक्री गरेर सात लाख रुपैयाँ आम्दानी गरेका हुन् ।

कृषक भण्डारीले तिहारमा माला बेचेर दुई लाख ५६ हजार १६० रुपैयाँ, फूलको थुँगा बिक्रीबाट चार लाख ७ हजार ५० आम्दानी गरेका हुन् । यसअघि सयपत्री फूलका बिरुवा बेचेर ५३ हजार आम्दानी गरेको कृषक भण्डारीले बताए । गएको तिहारमा सयपत्री फूलको माग अत्यधिक रहेको र सोहि अनुरुप मूल्य पनि राम्रो पाएको उनले सुनाए ।

कुल आम्दानी भएको ७ लाखमध्ये गाउँमै बेचेको फूलको हिसाव नगरिएको उलने बताए । फूलको उत्पादन अझै केही महिना जारी रहने बताउँदै भण्डारीले चालु सिजनमा झण्डै १० लाख आम्दानी हुने जनाए । भण्डारीले शिक्षण पेशामा रहँदा सामान्य र अवकाशपछि व्यावसायिक रुपमा सयपत्री फूलखेती गर्दै आएका छन् । ६० वर्षिय भण्डारीले विगत चार वर्षदेखि फूलखेती गर्दै आएका छन् । शिक्षकका रुपमा कार्यरत रहँदा नै फुर्सदको समयमा व्यावसायिक बन्दै आत्मनिर्भर बन्ने प्रयास गरेका भण्डारीले गाउँमै तीन रोपनी जग्गामा फूलखेती गरेका छन् । बाँझो जमिनको सदुपयोग गर्दै फूलखेतीका लागि थप क्षेत्रफल बढाउने योजना रहेको उनको भनाई छ ।

भण्डारीले अर्गानिक घर तथा कृषि फर्म दर्तागरी चार वर्षदेखि व्यावसायिक रूपमा फूलखेती गर्दै आएका हुन् । एकमुष्ठ र व्यापारीका लागि प्रतिकिलो ३०० देखि ३५० रुपैयाँका दरले फूल बिक्री गरेका भण्डारीले माला भने एक सयदेखि १५० सम्ममा बिक्री भएको जनाए । सयपत्री फूलको बीउ खरिदमा १० हजार जति खर्च गरेको भएपनि स्याहारसम्भार र गोडमेलका समेतको काममा परिवारका अन्य सदस्यले सघाउँदै आएको उनले बताए ।



भद्रकाली शान्तिवाटिका माछापोखरीमा छठ मनाउँदैः  विभिन्न ठाउँमा स्थायी घर भई पोखरामा बसोबास गर्दै आएकाहरुले पोखराका विभिन्न ठाउँमा सामुहिक छठ पूजा गरेर छठ मनाइरहेका हुन् । छठ  मनाउने क्रममा पोखरा १३ स्थित भद्रकाली शान्तिवाटिका माछापोखरी किनारमा सामुहिक छठको पूजा गरिएको छ । छठ अन्तर्गत सोमबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिइएको छ भने मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ समापन गरिनेछ । भद्रकाली छठ पूजा समितिले सो कार्यक्रम आयोजना गरेको हो । फोटोः पोखरापत्र

# अन्तर्राष्ट्रिय कराँते प्रशिक्षक अशोक लामा रुम्बालाई स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक



अन्तर्राष्ट्रिय क्योकुशिन कराँतेका प्रशिक्षक तथा खेलाडी अशोक लामा रुम्बालाई पोखरामा स्वागत सहित सम्मान गरिएको छ । क्योकुशिन कान कराँते संघ कास्कीले सोमबार पोखरा रंगशालामा एक समारोहका बीच रुम्बालाई स्वागत सहित सम्मान गरेको हो ।

रोजगारको शिलशिलामा हाल स्पेनमा रहँदै आउनु भएको रुम्बा गत नोभेम्बर २३ र २४ मा स्पेनमा सम्पन्न १० औं (ल्क्ल्त्ब्क्) कप स्पेनिस ओपन क्योकुशिन कराँते च्याम्पियनशिपमा प्रमुख प्रशिक्षका रुपमा उहाँले निभाउनु भएको भूमिकाको उच्च कदर गर्दै संघले सम्मान गरेको नेपाल फुल कन्ट्याक कराँते महासंघ गण्डकी अध्यक्ष एवं क्योकुशिन कान कराँते नेपालका शाखा प्रमुख लक्ष्मण कुवंरले बताउनुभयो । रुम्बाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षक( रेफ्री) को भूमिकामा सक्रिय रहँदै नेपालको नाम अन्तर्राष्ट्रिय मञ्चमा उजागर गर्दै आएकोले उहाँको प्रोत्साहनको लागि स्वागत सहितको सम्मान कार्यक्रम आयोजना गरिएको कुवंरले जनाउनु भयो । कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दिपक गोदारले रोजगारीका लागि विदेश पुगे पनि रुम्बाले खेलकुदको माध्यमबाट देशको प्रतिष्ठा बढाएको उल्लेख गर्दै उहाँको योगदान प्रशंसनीय भएको उल्लेख गर्नुभयो । कार्यक्रममा बोल्दै अन्तराष्ट्रिय प्रशिक्षक रुम्बाले देश र माटोप्रतिको माया जहाँ भए पनि अविचल रहने बताउँदै, “देशको अवस्थाले विदेशिए पनि मन भने सदैव नेपालकै लागि धड्किने ” बताउनु भयो । साथै उहाँले नेपालका सक्षम खेलाडीलाई आगामी दिनमा स्पेनमा आयोजना हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन पहल गर्ने उद्घोष गर्नुभयो । विकास, अनुशासन र गतिशिलतासंगै निरन्तरताको प्रयासले खेलकुदमा लाग्ने व्यत्तिलाई सफलताको उचाई पुर्‍याउने उहाँको दाबी थियो । रुम्बा नेपाली समाज स्पेनका अध्यक्ष देखि वैदाम तामाङ सेवा समाजका आजीवन सदस्य, लायन्स क्लव पोखरा लेकसाईडका आजिवन सदस्य समेत हुनुहुन्छ भने उहाँ विभिन्न सामाजिक गतिविधिमा पनि सक्रिय हुनुहुन्छ । पूर्व बक्सिङ खेलाडी क्या.सम्मर बहादुर थापा क्षेत्री, स्पेनका खेलकुदकर्मी चेमा रामोस, संघ लेखनाथका प्रमुख प्रशिक्षक सुवास खड्का, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका निवर्तमान अध्यक्ष दीननाथ बराल, प्रशिक्षार्थी खेलाडीहरू लगायतको कार्यक्रममा सहभागिता रहेको थियो ।

# विद्यार्थीका सफलतामा गुञ्जिरहेछ घिमिरेको स्वर

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक



चक नै उनको शक्ति थियो, विद्यार्थी नै उनको संसार ।

लामो समयसम्म चक र कालोपाटीबीच बिताएको जीवन आज मौन  बन्यो तर उनको आवाज हरेक विद्यार्थीको सफलतामा अझै गुञ्जिरहेको छ । विद्यार्थी विच मात्र नभै पोखरा महानगरपालिका वडा नं १२ निवासी पद्मराज घिमिरे छिमेकी र इष्टमित्रमा  देउताको गाइ थिए । हरेक भेटमा मिठो, सालिन मन्दस्वर बाबुनानीमा उहाँको बोली थियो । घिमिरेले तीन दशकभन्दा बढी समय सरकारी विद्यालयमा अध्यापन गर्दै असंख्य विद्यार्थीको जीवनमा उज्यालो बाले । अध्यापन गरेका विद्यालयहरु क्रमश अमरसिंह मावि, भद्रकाली मावि कुँडहर, महेन्द्र मावि भलाम र इन्द्रेणी  प्रावि लगायत विद्यालयमा  असल शिक्षक भइ सेवा गरे । उनै घिमिरेको  मृत्युसँगै शिक्षा क्षेत्रमा एउटा युगको अन्त्य भएको अनुभूति वडा १२ वासीलाइ मात्र नभै पोखरावासीलाइ 'भएको छ । हरेक विद्यालयको प्रांगणमा आज पनि उहाँको सादगी, मुस्कान र मिहिनतका कथा घन्किरहेका छन् । “घिमिरेले पढाउँदा पाठ मात्र सिकिन्थेन, जीवन कसरी बाँच्ने भन्ने सन्देश पनि पाइन्थ्यो,” । उहाँको शिक्षण शैली सरल तर गहिरो थियो । समयमै विद्यालय पुग्ने, प्रत्येक विद्यार्थीप्रति साथीरुपी व्यवहार थियो । अझ जीवनमा अनुशासनलाई मुख्य मन्त्र मान्ने उहाँको बानीले उहाँलाई ‘आदर्श गुरु’को रूपमा चिनाएको वडा १३ निवासी शिक्षासेवी किशोर वरालले पोखरापत्रलाई वताए । उनै आदर्श गुरुको वि.सं २०८२ कार्तिक २ गते  निधनले विद्यालय मात्र होइन, सम्पूर्ण शिक्षाप्रेमी समाजलाई शोकमा डुबाएको छ ।  तर उहाँका सिर्जना, विचार र विद्यार्थीका सफलतामा उहाँ सदासर्वदा जीवित रहिरहने छन् । वि.सं वि.सं १९९६ चैत्त ११ गते जन्मेका घिमिरको एक श्रीमती टककुमारी घिमिरे, छोरा वुहारी माधवराज घिमिरे गित घिमिरे, नविनराज घिमिरे सिता घिमिरे, तीन छोरीहरु क्रमश राधा, शान्ति र लक्ष्मी मध्ये जेठी छोरी राधाको यसअघि नै निधन भएको थियो । घिमिरे तीन नाति  तीन  नातिनीको धनी थिए । उहाँको छोराछोरी, वुहारी नाति नातिना पनि बुबा घिमिरे जस्तै सरल स्वभाव र समाजमा देखीएका हरेक पिडामा आनन्दको मलाम लगाउने स्वभाव छ । उनै घिमिरेले त्रिभुवन विश्वविद्यालयवाट बिए, बिएड उर्तिणा गरेका घिमिरेले २०२० साल देखि २०५७ सालसम्म ३७ वर्ष शिक्षण  पेसामा रही सेवा गरेका  थिए ।

# युनाइटेड क्लब पोखराको १६ औं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक



युनाइटेड क्लब पोखराले आयोजना गर्ने १४ औं संस्करणको पोखरा महोत्सव आगामी पुषको २९ देखि माघको ११ गते सम्म हुने भएको छ ।

युनाइटेड क्लब पोखराको १६ औं साधारण सभाले १४ औं संस्करणको पोखरा महोत्सव आगामी पुषको २९ देखि माघको ११ गतेसम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने गरि मिति तोकेको हो । हालै सम्पन्न साधारण सभामा वोल्दै युनाइटेड क्लब पोखराका संस्थापक अध्यक्ष हिमालय बखेलले युनाइटेड क्लबले सामाजिक कामका लागि पोखरा महोत्सवलाई निरन्तरता दिदै आइरहेको र आगामी १४ औं संस्करणको पोखरा महोत्सवमा समेत सवैले साथ र सहयोग गर्नुपर्नेमा जोड दिए । सामाजिक क्षेत्रमा काम गर्दै आइरहदा संघर्ष र चुनौतिहरु थपिदै गइरहको बताउदै संस्थापक अध्यक्ष हिमालय बखेलले युनाइटेड क्लब पोखरालाई राष्ट्रिय स्तरको क्लव बनाउनतर्फ अहिलेका पदाधिकारीहरु लाग्नुपर्नेमा जोड दिए । साथै क्लबले हाल आफ्नै जग्गा रहेको स्थान लेखनाथको अर्चलेमा आवासिय छात्राबास निर्माणको काम तीब्र गतिमा अगाडी वढिरहेको र आगामी वर्ष ५ जना छात्राहरु राखेर छात्राबासको सुरुवात गर्ने बताए । युनाइटेड क्लव पोखराका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले युनाइटेड क्लब १६ वर्षमा प्रवेश गर्दै गर्दा आगामी दिनमा शिक्षा क्षेत्रलाई अगाडी बढाउदै आवाशिय छात्राबास निर्माणलाई नै जोड दिनुपर्ने धारणा राखे । सामाजिक कामकै कारण युनाइटेड क्लबको पहिचान भएकाले क्लबले लिएको उद्देश्य समेत बिस्तारै साकार हुदै गएको उनको भनाइ रहेको थियो । युनाइटेड क्लबका परिकल्पनाकार आनन्द थापाले अमरसिंह वरपरका युवाहरुलाई समेटेर स्थापना भएको युनाइटेड क्लब आज सम्म आइपुग्दा क्लबका परिकल्पनाकारहरुको उद्देश्य अनुरुप वढेकोमा क्लबका स्थापना कालदेखि वर्तमान अध्यक्षहरु प्रति धन्यवाद ब्यक्त गरे । आफुले १६ वर्ष अगाडी देखेको सपना बिस्तारै साकार हुदै गएको उनको भनाइ रहेको थियो । स्थापना कालमा भएका चुनौतीपूर्ण दिनहरुकै कारण आज युनाइटेड क्लबले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको बताउदै परिकल्पनाकार थापाले कुनैपनि उद्देश्य प्राप्तिका लागि समय पर्खनुपर्ने धारणा राखे । साधारण सभामा क्लबका अध्यक्ष लोक बहादुर थापाले अध्यक्षको प्रतिवेदन, महासचिव दिनेश सुनारले महासचिवको प्रतिवेदन र कोषाध्यक्ष जयराम आचार्यले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए । सो अवसरमा बोल्दै युनाइटेड क्लब पोखराका अध्यक्ष लोक बहादुर थापाले युनाइटेड क्लब १६ वर्षमा लाग्दै गर्दा सम्पूर्णको साथ र सहयोग नै मुख्य भएकाले आगामी पुषको २९ देखि माघको ११ गते सम्म आयोजना हुने पोखरा महोत्सवलाई सभ्य र भब्यताका साथ सम्पन्न गर्नका लागि समेत सम्पूर्ण आजीवन सदस्य, सदस्य, कार्यसमिति सदस्य तथा पदाधिकारी र क्लबका शुभचिन्तकहरुलाई आग्रह समेत गरे । युनाइटेड क्लब पोखराले आयोजना गर्ने पोखरा महोत्सव सम्पूर्ण पोखरेलीको महोत्सव भएको र पोखरा महोत्सवकै आम्दानीबाटनै क्लबले सामाजिक काम गर्दै आइरहेकाले १४ औं संस्करणको पोखरा महोत्सवमा समेत अघिल्ला संस्करणको महोत्सव जस्तै भब्य र सभ्य बन्ने समेत उनको भनाइ रहेको थियो । कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेका थिएभने क्लबका महासचिव दिनेश सुनारले कार्यक्रमको सञ्चालन गरेका थिए ।

# ‘पढ्दै, कमाउँदै’ विद्यालयको जग्गामा नर्सरी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० कार्तिक

वालिङको एक सामुदायिक विद्यालयमा ‘पढ्दै, कमाउँदै’ कार्यक्रम अर्न्तगत नर्सरी स्थापना गरी बेर्ना (बिरुवा) उत्पादन थालिएको छ । स्याङ्जाको वालिङ नगरपालिका-१० फूलबारीस्थित पूर्णामृत भवानी माध्यमिक विद्यालय र भकुण्डेको न्यू गाउँबेशी बहुउद्देश्यीय सहकारी संस्थाको संयुक्त प्रयासमा नर्सरीमा बिरुवा उत्पादन गर्न थालिएको हो ।

विद्यालय र सहकारीले स्थापना गरेको नर्सरीमा विभिन्न प्रजातिका बेर्ना उत्पादन गरिदै आएको छ । नर्सरी स्थापनामा आर्थिक सहयोग र बजारीकरणको जिम्मा सहकारीले लिएको छ । संस्थाले नाफा कमाउनु मात्रै होईन्, विभिन्न रचनात्मक र आयआर्जका लागि विद्यालयसँग सहकार्य गरेर बेर्ना उत्पादन गर्दै आएको सहकारी अध्यक्ष अर्जुन खनालले बताए । लगानी र बजारीकरणको जिम्मा सहकारीले लिएको छ भने उत्पादन कार्यमा विद्यालयका विद्यार्थी तथा प्राविधिक शिक्षकहरुले श्रमदान गर्दै आएका छन् । उत्पादित मौसमी तथा बेमौसमी तरकारीका बेर्ना, फलफूलका बिरुवाहरु सहकारीले बजारीकरण गर्दै आएको छ । बिरुवा बिक्रीबाट भएको नाफामध्ये ७० प्रतिशत विद्यार्थीलाई र ३० प्रतिशत सहकारी र विद्यालयलाई उपलब्ध गराईने छ । सहकारी र विद्यालयको संयुक्त अभ्यास जिल्लामा संभवत नौलो र पहिलो हो । स-साना विद्यार्थीले विद्यालयमा सिकेको सीपलाई घरमा पनि प्रयोग गरेर ब्यावसायिक बन्नेमा कार्यक्रम सहयोगी बन्नेमा सहकारीले विश्वास लिएको अध्यक्ष खनालले बताए । पछिल्लो सिजनमा विद्यार्थीले नर्सरीमा काउली, बन्दा, ब्रोकाउली, साग, बोडि, सिमी लगाएतका तरकारीका बेर्ना उत्पादन गरेका छन् । बेर्ना बिक्रीबाट भएको आम्दानीबाट विद्यार्थीले शैक्षिक सामग्री खरिद तथा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको विद्यालयका प्रधानाध्यापक दिपक लम्सालले बताए । विद्यालयमा सञ्चालित बाली विज्ञान विषयमा अध्ययनरत कक्षा ९ का विद्यार्थी तथा प्राविधिक शिक्षकको सहजीकरणमा बिरुवा/बेर्ना उत्पादन गरिएको प्रधानाध्यापक लम्सालले जनाए । ‘विद्यालय परिसरकै जग्गामा नर्सरी स्थापना गरी कृषिमा प्रविधिको प्रयोगबाट मौसमी तथा बेमौसमी तरकारी तथा फलफूलका बिरुवाहरु उत्पादन गर्न थालिएको छ ।’ प्रधानाध्यापक लम्सालले भने, ‘विद्यालयमा सैद्धान्तिक ज्ञानसँगै सिकेको प्रयोगात्मक ज्ञान सिक्नेलाई घर र समुदायमा पनि प्रयोगमा ल्याई उद्यमशीलताको विकास गर्नमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।’ पहिलो चरणमा चालु शैक्षिक सत्रबाट सुरु भएको नर्सरीलाई आगामी दिनहरुमा थप ब्यवस्थित गरी विस्तार गर्दै लगिने लक्ष्य राखिएको छ । नर्सरीमा विद्यार्थीले गोलभेडा, काउली, ब्रोकाउली, बन्दा लगायतका बेर्ना उत्पादन हुँदै आएको छ । अर्को सिजनमा च्याउ र नगदेबालीका कार्यक्रमहरु विस्तार गर्दै लगिने विद्यालयले तयारी गरेको छ । वालिङ नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा नगरका एक दर्जन विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम संचालन गर्दै आएको छ । कार्यक्रम लागू भएका विद्यालयले मौसमी कृषिजन्य वस्तु उत्पादन गर्दै आएका छन् । उत्पादित कृषिजन्य वस्तुको बिक्रीबाट दिवा खाजासँगै विद्यालयको भौतिक पूर्वाधार समेत निर्माण गरिएको नगरपालिकाले जनाएको छ ।

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार


जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# अन्नपूर्ण क्षेत्र पदयात्राका लागि आकर्षक

जेनजी आन्दोलनले पर्यटन क्षेत्र नकारात्मक असर परेपनि अन्नपूर्ण क्षेत्रले सकारात्मक सन्देश दिएको छ। असोजमा ३० हजार ५४७ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका छन् । दक्षिण एसियाली मुलुकका १० हजार १९ र अन्य देशका २० हजार ५२८ जना पर्यटकले यस क्षेत्रको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ । गत वर्ष असोजको तुलनामा यस वर्ष १८५ पर्यटक कम आएका छन। गत भदौमा भएको 'जेनजी' प्रदर्शन र मौसमको अवरोधका कारण भारतीय पर्यटक आगमन घटेको छ ।

आर्थिक वर्ष २०८०र८१ मा २८ हजार ७०५ र आव २०८१/८२ को असोजमा ३० हजार ७३२ जना पर्यटक यस क्षेत्रमा भित्रिएका थिए । असोज र कात्तिकलाई मुख्य पर्यटकीययाम मानिने गर्दछ । कात्तिकमा अन्नपूर्ण क्षेत्रमा पर्यटक आगमन थप बढ्ने अपेक्षा गरिएको छ । तिहार लगत्तै मुस्ताङसहित आसपासका क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । "यो याममा विदेशी पर्यटक पदयात्राका लागि यस क्षेत्रमा आउने गर्दछन् । गत कात्तिकमा ३३ हजार ३१० विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए ।

आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । सडक मार्ग भएर बर्सेनि उल्लेख्य संख्यामा आन्तरिक पर्यटक यस क्षेत्रमा भित्रने गरेका छन । पर्यटकीय यामसँगै मुख्य चाडपर्व र बिदाको समय पनि पर्ने भएकाले यो समयमा आन्तरिक पर्यटकको आगमन पनि बढ्ने गरेको छ । यस याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोरेपानी, पुनहिलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटकको बाक्लो चहलपहल देखिने गरेको छ ।

वर्षात् र जाडो याममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको संख्या घट्ने र अन्य सययमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्ने गरेको छ । मुक्तिनाथसहित अन्य धार्मिक गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन् । सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्दछन् । अन्नपूर्ण क्षेत्र पदयात्रा पर्यटनका लागि विश्वमै प्रसिद्ध मानिन्छ । संयुक्त राष्ट्र संघका महासचिव एन्टनीओ गुटेरेसले अन्नपूर्ण आधार शिविरको भ्रमणले पनि पर्यटकको ध्यानाकर्षण गराउन सकेको छापर्यटकीय सिजनको बेला आन्दोलनले नकारात्मक असर परेपनि अन्नपूर्णमा सन्तोषजनक रुपमा पर्यटकले पदयात्रा गर्नु अव पर्यटन प्रवर्द्धन गर्न सबैतिर सहयोग गर्न आवश्यक छ भन्ने सन्देश हो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नेपाल श्रीलङ्कासँग पराजित

**रासस**
काठमाडौं, १० कार्तिक

सेन्ट्रल एसिया भलिबल सङ्घ (काभा) कप पुरुष भलिबल प्रतियोगितामा नेपाल श्रीलङ्कासँग पराजित भएको छ ।

ढाकास्थित इन्डोर हलमा सोमबार भएको खेलमा श्रीलङ्कासँग नेपाल ३-० को सोझो सेटमा पराजित भएको हो । यससँगै नेपालले प्रतियोगितामा चौथो हार बेहोरेको छ । नेपालले जारी प्रतियोगितामा एउटा खेल मात्रै जितेको छ । पाँच खेलबाट चार अङ्क जोडेको नेपाल पाँचौं स्थानमा रह्यो । यसअघि माल्दिभ्सलाई हराएको नेपाल तुर्किमिनिस्तान, अफगानिस्तान र बङ्गलादेशसँग पराजित भएको थियो । सोमबार नेपाल श्रीलंकासँग पहिलो सेट १८-२५ ले पराजित भयो भने दोस्रो सेट, १७-२५ तथा तेस्रो सेट २०-२५ ले गुमायो ।

सेन्ट्रल एसियाका ६ राष्ट्र सहभागि यस प्रतियोगितामा नेपालले पाँचौं स्थानको प्लेअफका लागि माल्दिभ्ससँग मंगलबार प्रतिस्पर्धा गर्नेछ ।

# नेपालद्वारा भारत पराजित

**रासस**
काठमाडौं, १० कार्तिक

नेपालले त्रिदेशीय फुटबल प्रतियोगितामा घरेलु टोली भारतमाथि जित हासिल गरेको छ ।

भारतको शिलोङस्थित जवाहरलाल नेहरू स्टेडियममा सोमबारभएको खेलमा कप्तान सावित्रा भण्डारी (साम्बा)को दुई गोलमार्फत नेपालले भारतलाई २-१ ले पराजित गरेको हो ।

सावित्राले खेलको दोस्रो मिनेटमै गोल गरी नेपाललाई पहिलो अग्रता दिलाइन् । विमला विकले मैदानको आफ्नै भागबाट दिएको लामो पासमा सावित्राले भारतीय डिफेण्डरलाई पछि पार्दै गोल गरेकी हुन् । त्यसपछि खेलको ६३औं मिनेटमा सावित्राले नेपालको लागि दोस्रो गोल गरिन् । तर ८१औं मिनेटमा करिश्मा सिरभोकरले भारतको लागि एक गोल गरिन् । त्यसपछि खेलमा गोल हुन सकेन र अन्तत नेपालको जित भयो । यस जितसँगै नेपाल त्रिदेशीय प्रतियोगिताको उप-विजेता बनेको छ । नेपालले पहिलो खेलमा इरानसँग ३-० को हार बेहोरेको थियो । पहिलो खेलमा इरानसँग २-० ले पराजित भएको भारतले कुनै पनि अङ्क जोड्न सकेन ।

# अझै पाँच हजार कैदी कारागार बाहिरै

**रासस**
काठमाडौं, १० कार्तिक

'जेनजी' प्रदर्शनका क्रममा देशका विभिन्न कारागार र सुधार गृहबाट भागेकामध्ये अझै करिब पाँच हजार कैदी फरार छन् ।

प्रदर्शन चर्केपछि विभिन्न २८ वटा कारागारबाट १३ हजार ५८५ कैदी र नौवटा बाल सुधारगृहबाट ९६४ बालबन्दी गरी १४ हजार ५४९ बन्दी भागेका थिए ।

तीमध्ये हालसम्म नौ कैदी र ५८२ बालबन्दी गरी कुल नौ हजार ५८२ बन्दी कारागार फर्केका छन् । कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार चार हजार ५९६ कैदी र ३८६ बालबन्दी गरी कुल चार हजार ९८२ बन्दी अझै फरार छन् ।

सरकारले फरार कैदीबन्दीलाई कारागार फर्कन 'अल्टिमेटम' दिएको छ । ठूलो सङ्ख्यामा विभिन्न कसुरमा कैद सजाय भुक्तान गरिरहेका कैदी फरार हुँदा समाजमा सुरक्षा चुनौती थपिएपछि सरकारले फरार कैदीबन्दीलाई कारागारमा फर्काउन विशेष अभियान सञ्चालन गरिरहेको छ । अभियानअन्तर्गत फरार कैदीलाई नियन्त्रणमा लिँदै सुरक्षाकर्मीले सम्बन्धित कारागारमा बुझाइरहेका छन् । मन्त्रालयले कारागार बाहिर रहेका कैदीबन्दीलाईखोजी,नियन्त्रणरपक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहने गरी फरार बन्दी खोजी तथा पक्राउ कार्यदलसमेत गठन गरेको थियो । प्रदर्शनको मौका पारेर सुनसरीको झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, काठमाडौंका नक्खु, डिल्लीबजार, जगन्नाथदेवल, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, दाङ तुलसीपुर, नौवस्ता बाँके, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट १३ हजार ५८५ कैदीबन्दी भागेका थिए । यस्तै, मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयण्डु, नौवस्ता र डोटी बालसुधारगृहबाट ९६४ बालबन्दी भागेका थिए । सुरक्षा घेरा तोडेर भाग्ने क्रममा रामेछापमा तीन, धादिङ र सप्तरीमा दुई/दुई कैदीको गोली लागेर मृत्यु भएको थियो । यस्तै, नौवस्ता बालसुधार गृहमा झडप हुँदा पाँच र डोटी बालसुधारगृहमा एक बालबन्दीको मृत्यु भएको थियो । कारागार कार्यालयहरूले फरार कैदीबन्दीलाई अविलम्ब कारागारमा फर्की आउन सूचित गराउँदै आएका छन् । सरकारको सूचनालाई बेवास्ता गरी फरार रहेका कैदीबन्दीलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने विभागले जनाएको छ । देशभरका ७२ जिल्लामा रहेका ७५ वटा कारागार र बालगृहमा विभिन्न कसुरमा सजाय भोगिरहेका ३० हजार ६४१ कैदी र बालबन्दी रहेका छन् ।

# निर्वाचन तोकिएकै मितिमा हुन्छः गृहमन्त्री अर्याल

**रासस**
काठमाडौं, १० कार्तिक

गृहमन्त्री ओमप्रकाश अर्याललले प्रतिनिधिसभाको निर्वाचन तोकिएकै मितिमा हुने बताउनुभएको छ ।

उहाँले जनकपुरधामस्थित गङ्गासागर पोखरीको घाटमा आज साँझ छठ पूजा अवलोकन तथा प्रार्थनापश्चात् पत्रकारहरुसँग सङ्क्षिप्त प्रतिक्रिया दिँदै निर्वाचन निर्धारित मितिमै हुनेमा ढुक्क रहन आग्रह गर्नुभयो । साथै उहाँले निर्वाचनको विकल्प नभएको बताउँदै निर्वाचनका लागि आवश्यक शान्ति सुरक्षाको व्यवस्था पूर्ण रुपमा गरिने प्रतिबद्धता जनाउनुभयो । उहाँले छठ पर्व प्राकृतिक जनआस्थाको प्रतीक रहेको उल्लेख गर्दै यसले सबै वर्ग तथा समुदायबीच आपसी सद्भाव कायम गरेको बताउनुभयो । "यसको दिनप्रतिदिन गरिमा र महत्व बढ्दै गएको छ", उहाँले भन्नुभयो ।

# फ्रीडम ट्रेनिङ्ग सेन्टरमा उद्घोषण तथा भाषणकला तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक




पोखराको सृजना चोकमा रहेको फ्रीडम ट्रेनिङ्ग सेन्टरमा अनुभव आदनप्रदान तथा प्रमाणपत्र बितरण कार्यक्रम सम्पन्न भएको छ ।

१५ दिन सम्म सञ्चालन भएको उक्त उद्घोषण तथा भाषणकला तालिम लिईएका १७ जना बिद्यालय स्तीय बालबालिकाहरुको सहभागिता रहेको तालिमका प्रमुख प्रशिक्षक तथा ट्रेनिङ्ग सेन्टरका सञ्चालक बिनोद पाहारीले जानकारी दिनुभयो । समापन कार्यक्रममा प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र बितरण तथा तालिम पश्चातको अनुभव र बिभिन्न अवार्डले सम्मान समेत गरिएको थियो । दशैं र तिहारको बेलामा बिद्यालय बिदा हुने हुदा त्यो समयको उपयोग गर्ने उद्धेश्यले तालिम सञ्चालन गरिएको सञ्चालक पाहारीले उल्लेख गर्नुभयो । कार्यक्रममा बोल्दै तालिका प्रमुख प्रशिक्षक तथा ट्रेनिङ्ग सेन्टरका सञ्चालक बिनोद पाहारीले २०७७ सालमा स्थापना भएको सस्थाले शुरुमा निकै चुनौतिको सामना गरे पनि अहिले सहज रुपमा सहभागिहरु सिक्नको लागि आउने गरेको बताउनुभयो । उहाँले तालिम लिनको लागि सबै उमेर समुहको सहभागिता हुने गरेको उल्लेख गर्नुभयो । उहाँले तालिम दिनको लागि मात्रै नभई ब्यबाहारिक रुपमा समेत पुर्णरुपमा उपयोगि हुने खालको भएको जनाउनुभयो । सञ्चालक पाहारीले तालिममा बढि भन्दा बढि प्रयोगात्मक अभ्यासमा जोड दिइने उल्लेख गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि रेडियो अन्नपूर्णमा आबद्ध पत्रकार सबिन रेग्मीले पोखरामा धेरै खालका उद्घोषण तथा भाषणकला तालिम सेन्टर भए पनि फ्रीडम ट्रेनिङ्ग सेन्टर एक उत्कृष्ट उद्घोषण तथा भाषणकला तालिम सेन्टर भएको उल्लेख गर्दै अन्य झुटा प्रचार गर्ने खालका तालिम सेन्टरको पछि नलाग्न आग्रह गरे । तालिममा सिकेको कुरालाई आफ्नो ब्यबाहारिक जिवनमा प्रयोग गर्न उहाँले आग्रह गर्नुभयो । यस्तै कार्यक्रममा प्रशिक्षार्थीको तर्फबाट बिबिसा केसी, आइसा शेरचन, सायान भट्टराई, सिजल पोख्रेल, यानाया रोक्का, प्रसन गुरुङ, सुर्दशन तिमिल्सिना, युनिसा रिजाल, सर्बनि गौतम, रियान पौडेल, सक्षम पोख्रेल, जोन बराल, साइना गुरुङ, अरिजा थिन, एर्ना गुरुङ, आरध्या देबकोटाले आफ्नो अनुभव शेयर गरेका थिए । तालिममा सहभागिहरुले आफ्नो अनुभव शेयर गर्दै तालिम अति उत्कृष्ट भएको बताउनुभएको थियो । फ्रीडम ट्रेनिङ्ग सेन्टरका सञ्चालक बिनोद पाहारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रशिक्षार्थीहरु जोन बराल र बिबिसा केसी गर्नुभएको थियो ।

# देउसी भैलोमा सङ्कलित दुईलाख सडक निर्माणमा सहयोग

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० कार्तिक

म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जामाआमा समूहले देउसीभैलो खेलेर सङ्कलन गरेको रकम सडक निर्माणमा सहयोग गरेका छन् ।

तिहारको अवसरमा स्थानीय हिमाली आमा समूहले देउसीभैलो खेलेर सङ्कलन गरेको रकमबाट रु दुई लाख गाउँमा सडक निर्माण गर्ने योजनामा सहयोग गरेका हुन् । गुर्जा म्याग्दीमा सडक सञ्जालको पहुँच नपुगेको एक मात्रै वडा हो । देउसी भैलोमा सङ्कल नभएको रु चार लाख नौ हजार रकममध्ये दुर्गम र विकट बस्तीको रुपमा परिचित गुर्जा गाउँमा सडक सञ्जालको पहुँच पुऱ्याउने योजनालाई रु दुई लाख सहयोग गरिएको आमा समूहका अध्यक्ष ज्ञानकुमारी छन्त्याललले बताउनुभयो । गाउँमा छिटो मोटरबाटो जोडियोस भन्ने उद्देश्यले आमा समूहको बैठकबाट निर्णय गरेर उक्त सहयोग गरिएको उहाँले जानकारी दिनुभयो । आइतबार आयोजित एक कार्यक्रममा आमा समूहका अध्यक्ष छन्त्याललले वडा सदस्यद्धय गुनराम छन्त्याल र केआई सिंह छन्त्याललाई उक्त रकम हस्तान्तरण गर्नुभएको छ । आमा समूहले मौलिककला र संस्कृतिको जगेर्नाका लागि सञ्चालन गरेको मौलिक देउसी भैलोबाट सङ्कलन गरेको दान रकमलाई सडक निर्माणको लागि सहयोग गरी नमूना काम गरेको वडा सदस्य गुनराम छन्त्याललले बताउनुभयो । उहाँका अनुसार, उक्त रकम वडा कार्यालयमार्फत सडक निर्माण योजनाको अगुवाइ गरिरहेको गुर्जा विकासमञ्च पोखरालाई उपलब्ध गराइनेछ । धवलागिरि गाउँपालिका-२ लुलाङदेखि देउरालीहुँदै गुर्जाको भैंसीमाने खोल्सासम्म पुगेको सडकलाई विस्तार गरी गुर्जा गाउँसम्म सडकको पहुँच पुऱ्याउन करिब पाँच किलोमिटर सडकको ट्र्याक निर्माण गर्न बाँकी रहेको छ ।

यसअघि पनि सरकारी बजेटको अतिरिक्त स्वदेश तथा विदेशमा रहेका गुर्जावासीले गाउँमा सडक पुऱ्याउने योजनामा आन्तरिक स्रोत जुटाएरसमेत सडकको ट्र्याक विस्तारको काम गर्दै आएका छन् ।

चालु आर्थिक वर्षभित्र गुर्जा गाउँमा सडकको पहुँच पुऱ्याउने लक्ष्यकासाथ गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबाट विनियोजन भएको बजेटलाई परिचालन गर्ने तयारी गरिएको गुर्जाका वडाअध्यक्ष झकबहादुर छन्त्याललले जानकारी दिनुभयो । उहाँका अनुसार, लुलाङ-गुर्जा सडकका लागि यसवर्ष सङ्घीय सरकारले समपुरक बजेटबाट रु एक करोड ४० लाख, गाउँपालिकाले समपुरक साझेदारी बजेट रु ३५ लाख, सहरी विकास मन्त्रालयबाट रु तीन करोड र गण्डकी प्रदेश सरकारबाट रु ५० लाख बजेट विनियोजन भएको छ ।

# शिक्षक आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/११)

श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४, कास्कीका लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८२ भदौ १७ गतेको निर्णय अनुसार करार सेवामा शिक्षक नियुक्त गर्न आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकले यही कार्तिक २५ गते अपरान्ह ४ बजेभित्र आफ्ना सम्पूर्ण शैक्षिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आवश्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउन अनुरोध छ ।

| क.स. | पद | तह | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | शिक्षक | प्रा. वि. तह | नेपाली | १ | कक्षा १२ उत्तीर्ण वा सो सरह |

तलब सुविधा : नेपाल सरकारको नियमानुसार ।
परीक्षा दस्तुर : १०००/-
परीक्षा किसिम : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने
सम्पर्क मिति : २०८२ साल कार्तिक २५ गते
अध्यापन अनुमति पत्र सम्बन्धमा : सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्नेछ ।
उमेर हदः दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय वाणीज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ ।
➥ (नोट) यो आवासीय विद्यालय भएकाले नियुक्ति हुने शिक्षक अनिवार्य छात्रावासमा बसेर जिम्मेवारी बहन गर्नुपर्नेछ ।
➥ (नोट) स्नातक गरेको उमेद्वारलाई प्राथमिकता दिइने छ ।

**विस्तृत जानकारीको लागि सम्पर्कः**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६, ९८६६०१०४३६, ९८६६३४५६१४**

# थामिसक्नु छैन पर्यटकको चाप

सुन्दरकुमार थकाली
मुस्ताङ, १० कार्तिक



यस वर्षको तिहार पर्व भाइटीका सकिएलगत्तै हिमालपारीको जिल्ला मुस्ताङमा अनेपेक्षित बढ्दो पर्यटक आगमन सङ्ख्याले यहाँको पर्यटन व्यवस्थापनमा निकै चुनौतीपूर्ण बन्यो । बर्खायामको भेल जस्तै मुस्ताङमा एकैसाथ पर्यटक ओइरिँदा यहाँका पर्यटन व्यवस्थापन अस्तव्यस्त रह्यो ।

विगतका वर्षमा पनि दसैँ तिहार र छठ पर्वलगायतमा यहाँ आन्तरिक पर्यटकको आगमन उल्लेख्य रुपमा हुने गर्थ्यो । यस वर्ष युवाको जेनजी आन्दोलनले उत्पन्न परिस्थिति र प्रतिकूल मौसमका कारण यहाँका पर्यटन व्यवसाय खासै चलायमान हुँदैन भन्ने लख काटिएको थियो । पर्यटक मुस्ताङ घुम्न आए पनि विगतका वर्ष जस्तो खासै चहलपहल हुँदैन भन्ने यहाँका पर्यटन व्यवसायले पूर्वानुमान गरेका थिए । देशको विषम परिस्थिति र सबै क्षेत्रको व्यवसाय धरासयी भइरहेको हुँदा नेपालीको कमाई नहुने र कमाई नहुने भएपछि घुमफिर गर्ने योजना पनि रोकिने बुझाई यहाँका पर्यटन व्यवसायीले गरेका थिए । तर, यहाँ पर्यटन व्यवसायीले गरेको पूर्वानुमान गलत सावित भइदियो । बिहीबारको तिहारको भाइटीका सकिएलगत्तै शुक्रबार र शनिबार मुस्ताङमा पर्यटकको बाढी नै आयो, जुन आज बिहानसम्म कायमै छ । जुन यहाँका पर्यटन व्यवसायीले कल्पनासम्म पनि गरेका थिएनन् । यहाँ हिमताल र हिमनदी पग्लेर बाढी आएको थिएन, न त बर्खायामको नियमित हुने भेल बाढी नै थियो । यो त मुस्ताङको सडक विकासले ल्याइदिएको पर्यटन क्षेत्रको नयाँ उभार थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमले मुस्ताङ उपत्यकालाई घुम्नै पर्ने सूचीमा पारेपछि मुस्ताङको पर्यटन क्षेत्रका नयाँ आयात नै थपिदियो ।

गत शुक्रबारदेखि राष्ट्रिय गौरवको निर्माणधीन (बेनी-जोमसोम-कोरला) सडकमार्गमा सवारीसाधनका लस्करले सडकमार्ग पूरै ढाकियो । म्याग्दी खण्डमा आधाजसो सडक कालोपत्र भएको छ भने आधाजसो सडक कालोपत्र छ । म्याग्दी र मुस्ताङको सीमाना घाँसादेखि मुक्तिनाथसम्मको सडकमा ९५प्रतिशतसडककालोपत्रभइसकेको छ। कागबेनीदेखि कोरलानाकासम्मको सडक ग्राभेल भए पनि सवारीसाधनका लागि आवतजावतमा निकै सहज भइसकेको छ । कोरला सडकको अधिकांश खोला, खोल्सीमा पुलपुलेसा निर्माण भइसकेकाले पोखरा-काठमाडौँलगायत सहरबाट मुस्ताङ आवतजावत गर्न कुनै समस्या छैन ।

उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक मार्गको तीव्र गतिको विकासले पर्यटकको ध्यान मुस्ताङतर्फ केन्द्रित भइरहेको छ । बडादसैँ, चैतेदसैँ औँसी र महत्वपूर्ण चाडपर्वमा आन्तरिक पर्यटकका लागि घुमफिरको केन्द्र बनेको छ मुस्ताङ । तिहारको भाइटीका सकेर मुस्ताङ हानिएका पर्यटकको चापले यतिबेला बेनी-जोमसोम सडकमार्ग र मुस्ताङको ट्राफिक व्यवस्थापन गर्नमा सुरक्षा निकायलाई निकै हम्मेहम्मे पर्‍यो । बेनी-जोमसोम सडकमार्गको म्याग्दी खण्डका केही स्थान र काभ्रेभिरलगायत सडकमा सवार ेसाधनको लस्करले पर्यटकलाई गन्तव्यतर्फ प्रस्थान गर्न घण्टौँ समय लाग्यो । म्याग्दी र मुस्ताङको सिमाना प्रहरीचौकी घाँसामा मुस्ताङ भित्रिने सवारीसाधन र पर्यटक यात्रुको विवरण सङ्कलन गर्ने गरिन्छ । मुस्ताङ भित्रिएका सवार ेसाधन र यात्रुको विवरण सङ्कलन गर्नमा त्यहाँ खटिएका प्रहरीहरुलाई निकै गाह्रो परेको छ । मुस्ताङ प्रहरीका अनुसार यो अहिलेसम्मकै ठूलो सङ्ख्यामा सीमित समयमा सवारीसाधन र यात्रु पर्यटक मुस्ताङ भित्रिएको दाबी गरिएको छ । भाइटीकापछि औसत आठ हजारको सङ्ख्यामा पर्यटक मुस्ताङ भित्रिएको बताइएको छ । बर्खायामको भेल जस्तै मुस्ताङमा पर्यटक एकैसाथ ओइरिँदा पर्वतको कुश्मादेखि मुस्ताङको कोरलानाकासम्मका होटल पर्यटकले भरिभराउ भएका छन् । यहाँ आएका पर्यटकमध्ये ९९ प्रतिशत आन्तरिक र एक प्रतिशत विदेशी पर्यटक रहेका छन् । मुस्ताङ घुम्न आइपुगेका पर्यटक कतिपयले पहिल्यै होटल 'बुकिङ' गरेर आइपुगेका थिए भने कतिपय बुकिङ नगरी आफ्नै तरिकाले घुम्न आउँदा पर्यटन व्यवस्थापनमा समस्या र चुनौती देखापरेको मुस्ताङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजुप्रसाद लालचनले जानकारी दिनुभयो । अध्यक्ष लालचन तिहारपछि मुस्ताङका होटल बिहानैदेखि भरिभराउ भएकाले पर्यटकलाई बासस्थानको समस्या देखिएको बताउनुहुन्छ । त्यसो त मुस्ताङमा यतिका सङ्ख्यामा पर्यटक एकैसाथ ओइरिन्छन् भन्ने न त यहाँ आइपुगेका पर्यटकहरुले कल्पना गरेका थिए, न त यहाँका स्थानीय प्रशासन, प्रहरी, जनप्रतिनिधि र पर्यटनसँग सम्बद्ध सङ्घसंस्थाले नै कल्पना गरेका थिए । आखिर भइदियो त्यस्तै । तिहार सकेर मुस्ताङमा घुम्न र रमाइलो गर्न आएका कतिपय पर्यटकको बसाई सुखद रहेन । खल्तीमा पैसा भएर पनि यहाँ आइपुगेका पर्यटकहरु न राम्ररी सुत्ने बास सुविधा पाए, न त राम्ररी खान खाने सुविधा नै भयो ।

मन श्रेष्ठसहित चार जनाको टोली काठमान्डौँबाट मोटरसाइकलमा कोरला नाका जाने योजना बनाएर शनिबार जोमसोम आइपुगे । बिहान १० बजे जोमसोम आइपुगेका उनीहरु होटलमा कोठा खोज्न भौंतारिए । यतिन्जेलसम्म मुस्ताङका होटल पर्यटकहरुले खचाखच भरिएको थियो । जोमसोम, कागबेनी, मार्फालगायतका स्थानमा होटल खोज्दा समेत बास बस्ने होटलहरु भटिएन । मुस्ताङमा घुम्न र रमाउन आएका उनीहरुमा बास नपाउने देखिएपछि निरास बने । दुई/चार पैसा बढी तिरौँला बरु हामीलाई होटल खोजिदिनपर्‍यो भने स्थानीय पत्रकार मनिता थकालीसमक्ष अनुरोध गरे । स्थानीय पत्रकार थकालीले होटल नपाएको र कहीँकतै खाली भएमा सूचना दिनुहोला भनी सामाजिक सञ्जालमा पोस्ट गरिएपछि एक सामान्य स्तरको होटलमा जसोतसो व्यवस्था मिलाइएको थियो । यसैगरी, पोखराबाट झन्डै ४० विद्यार्थी लिएर मुस्ताङ घुम्न आएको टोलीसमेत साँझ जोमसोममा बास नपाउँदा बिचल्लीमा पर्नुपर्‍यो । मुस्ताङमा होटलमा बास नपाएपछि कति पर्यटकले सवारीसाधनमा रात कटाएका थिए । जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख डिएसपी छिरिङ किप्पा लामाले तिहारपछि ठूलो सङ्ख्यामा पर्यटक मुस्ताङ ओइरिँदा होटल व्यवस्थापनमा समस्या परेको बताउनुभयो । डिएसपी लामाका अनुसार 'बुकिङ' नगरी मुस्ताङ आएका पर्यटकले बास नपाउँदा यहाँका धर्मशाला, सामुदायिक भवन र होमस्टेलगायतमा लगेर राखिएको बताउनुभयो । होटल बुकिङ नगरी उपल्लो मुस्ताङको भ्रमण गर्न गएका एक टोलीलाई लोमान्थाङस्थित आमा समूहको भवनमा लगेर राखिएको डिएसपी छिरिङ किप्पा लामाले जानकारी दिनुभयो । कोरला नाका अवलोकन गरी जोमसोम फर्किंदै गरेको अर्को एक गाडी बीच माटोमै बिग्रिएपछि बिचल्लीमा परेका पर्यटकलाई छुसाङस्थित स्थानीयहरुको घरघरमा लगेर राखिएको डिएसपी लामाको भनाइ छ । जिल्ला प्रहरी कार्यालय मुस्ताङ र यहाँका सरोकारवाला निकायले दसैँ, तिहार र छठ पर्वका बेलामा मुस्ताङ घुम्न आउँदा अनिवार्य होटल बुकिङ गरेर मात्रै आउन पर्यटकलाई सुझाएको छ । होटल बुकिङ नगरी आउँदा बास नपाइने र होटल र विचौलियाबाट ठगिन सक्ने भएकाले मुस्ताङ भ्रमण गर्दा होटल बुकिङ गरेर मात्रै यात्रा सहज हुने जनाएको छ । मुस्ताङमा पर्यटकको चाप बढेपछि यहाँका कतिपय होटल मनोमानी रुपमा खान र बस्नमा चर्को मूल्य लिएको गुनासोसमेत गरिएको छ । पर्यटकले मुस्ताङ महँगो भएको र व्यवसायीले पर्यटकलाई मनोमानी पैसा असुल्ने गरेको गुनासो लेखेर सामाजिक सञ्जालमा समेत सार्वजनिक गर्ने गरेको पाइएको छ । मुस्ताङ उद्योग वाणिज्य सङ्घले पर्यटकहरुलाई जथाभावी पैसा नलिन र उपयुक्त सेवा सुविधा र सुहाउँदो पैसा लिन समेत आग्रह गरेको छ । व्यवसाय एक पटकको मात्रै नभई सधैँका लागि भएकाले मुस्ताङको बदनाम हुने गरी व्यवसाय सञ्चालन नगर्न अनुरोध गरिएको छ । मुस्ताङमा सञ्चालित होटलहरुले आठ हजार पर्यटक थेग्न नसकिएपछि विषेश चाडपर्वका बेला वैकल्पिक व्यवस्था अपनाउनुपर्ने आवाज उठ्न थालेको छ । यहाँका गाउँगाउँमा समुदायको सामुदायिक भवन र सार्वजनिक भवन खाली हुने भएकाले पर्यटकलाई अप्ठ्यारो पर्दा त्यहाँ राख्ने व्यवस्था मिलाउनसकेमा पर्यटकलाई परेको पिरमर्का समाधान गर्न सकिने अवस्था रहेको सरोकारवालाहरुको भनाइ छ । मुस्ताङका पाँच स्थानीय तहमा साना ठूला गरी ३२५ वटा होटल सञ्चालनमा रहेको प्रहरीले जनाएको छ । एक वर्षअघिको यो तथ्याङ्कमा केही नयाँ होटलहरु थपिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले बताएको छ । यहाँको लोमान्थाङ गाउँपालिकामा २०, लोघेकर दामोदरकुण्डमा ३०, बारागाउँ मुक्तिक्षेत्रमा ६३, घरपझोङ गाउँपालिकामा १६३ र थासाङ गाउँपालिकामा ४९ वटा होटल सञ्चालनमा रहेका छन् । यहाँ सञ्चालनमा रहेका होटलमध्ये ९० प्रतिशत राजमार्गमा रहेको र १० प्रतिशत होटल राजमार्गभन्दा बाहिर रहेको जनाइएको छ । सामान्य अवस्था पर्यटक व्यवस्थापनमा खासै अप्ठ्यारो नपर्ने भए पनि मुख्य चाडपर्वमा यहाँका होटलको सङ्ख्या अपुग हुने भएकाले पर्यटकहरु मुस्ताङ भ्रमण गर्न आउँदा यहाँको वस्तुस्थिति बुझेर मात्रै आउन प्रहरीले अनुरोध गरेको छ ।

धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा मुक्तिनाथ मन्दिरको दर्शन पहिलो प्राथमिकतामा पर्छ । यहाँ आइपुगेका पर्यटकहरुले मुक्तिनाथ मन्दिरको दर्शन गरी कोरला नाका, लोमान्थाङ दरबार, छोसेर गुफा, चिउँसी गुफा, चराङ गुम्बा, मराङ गुम्बा, कागबेनी, ढुम्बाताल र मार्फा गाउँको भ्रमण गर्ने गर्दछन् । यहाँ बर्सेनि आठ लाख बढी आन्तरिक र डेढ लाख बढी विदेशी पर्यटकले मुस्ताङको भ्रमण गर्ने गर्दछन् । जिल्ला प्रहरी कार्यालय मुस्ताङले तिहारको भाइटीकापछि मुस्ताङमा पर्यटकको चाप नरोकिएको जनाएको छ । म्याग्दी र मुस्ताङ सीमानामा पर्यटकको विवरण सङ्कलन गर्न तीन जना जनशक्ति खटिएको जनाएको छ । आइतबार पनि मुक्तिनाथमा दर्शनार्थीको सङ्ख्या बाक्लो रहेको त्यहाँ कार्यरत समितिका कर्मचारी रवीन सुवेदीले जानकारी दिनुभयो । यहाँ दर्शन तथा स्वास्थ्य सुरक्षा र अन्य सुरक्षा व्यवस्थापका आवश्यक जनशक्ति परिचालन भइरहेको बताउनुभयो । दसैँ, तिहारलगायत चाडपर्वको लामो बिदाका अवसरमा स्कुल कलेजका विद्यार्थी, युवा तन्नेरी, कर्मचारी, बैंक तथा वित्तीय संस्था र चाडपर्व मनाउन स्वदेश फर्किएका नेपालीहरु मुस्ताङ घुम्न आएका बताइएको छ । मुस्ताङमा चिसो बढेकाले पर्यटक बिरामी परेर अस्पताल भर्ना हुनेको सङ्ख्या बढे पनि हालसम्म कसैको ज्यान नगएको मुस्ताङस्थित प्रदेश अस्पतालका मेडिकल सुपरिटेन्डन डा समीक्षा कँडेलले जानकारी दिनुभयो । उहाँका अनुसार तिहारपछि करिब दुई हजार पर्यटकले अस्पतालबाट स्वास्थ्य सेवा लिएका छन् ।

# वन पैदावर बिक्री गरेर आठ करोड आम्दानी

पोखरापत्र संवाददाता
दमौली, १० कार्तिक

तनहुँका सामुदायिक वन समूहले वन पैदावर बिक्री गरी रु आठ करोड ४३ लाख चार हजार पाँच सय तीन आम्दानी गरेका छन् । आर्थिक वर्ष २०८१/८२ मा वन पैदावर बिक्री गरी जिल्लास्थित सामुदायिक वनले उक्त रकम आम्दानी गर्न सफल भएका हुन् ।

सामुदायिक वनले ८३ हजार पाँच सय १३ दशमलब ४५ क्युफिट वन पैदावर बिक्री गरेको डिभिजन वन कार्यालय तनहुँका सूचना अधिकारी एवं वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । श्रेष्ठका अनुसार त्यसअवधिमा ४० हजार तीन सय ३१ दशमलब ९५ क्युफिट साल, ४१ हजार एक सय तीन दशमलब ८० क्युफिट खयर र दुई हजार नौ सय ११ दशमलब ८६ अन्य वन पैदावर बिक्री भएको छ । त्यस्तै सोही अवधिमा ५० दशमलब १५ चट्टा दाउरा बिक्री भएको छ ।

जिल्लाका कूल क्षेत्रफलमध्ये करिब ७२ हजार ८० हेक्टर वनले ओगेटेको छ । जिल्लाभर ६ सय १६ वटा सामुदायिक वन र चार सय ४८५ वटा कबुलियती वन रहेको छ । वन पैदावर बिक्रीमार्फत् रु एक करोड २० लाख चार हजार नौ सय ८६ राजस्व सङ्कलन भएको छ । निजी आवादीतर्फ ५१ हजार चार सय ५४ दशमलब ७५ क्युफिट वन पैदावर बिक्री भएको छ । सूचना अधिकारी श्रेष्ठका अनुसार ४३ हजार तीन सय २४ दशमलब ८ क्युफिट खयर, नौ हजार एक सय ३० दशमलब ६७ क्युफिट अन्य, ८६ दशमलब १५ चट्टा दाउरा बिक्री भएको छ ।

# महायज्ञमा एकै दिन ३० लाख सङ्कलन

पोखरापत्र संवाददाता
दमौली, १० कार्तिक

आँबुखैरेनी गाउँपालिका-५ स्थित छिम्केश्वरी-बूढीदेवी मन्दिर क्षेत्रको समग्र विकासका लागि सञ्चालित श्रीमद्भागवत ज्ञान महायज्ञमा आइतबार एकै दिन रु ३० लाख दान सङ्कलन भएको छ । आँबुखैरेनी-३ हाटबजार परिसरमा सञ्चालित महायज्ञमा रु ३० लाख दान सङ्कलन भएको आयोजक समितिले जानकारी दिएको छ ।

छिम्केश्वरी पर्यटन विकास समितिको आयोजना, छिम्केश्वरी मन्दिर संरक्षण समिति र गाउँपालिकाको संरक्षकत्वमा आयोजित महायज्ञमा महायज्ञ मूल समारोह समितिका संयोजक कृष्णमान तामाङले रु पाँच लाख एक हजार १०१ दान सहयोग गरेको आर्थिक समितिका संयोजक मनोजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार आँबुखैरेनी-३ निवासी अर्णमान श्रेष्ठले रु पाँच लाख ११ हजार, अमृत केसीले रु पाँच लाख पाँच हजार ५५८ र केशरबहादुर केसीले रु एक लाख ११ हजार १११ दान गर्नुभएको छ । जिल्लाको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरी बूढीमाई क्षेत्रको विकासका लागि रकम सङ्कलन गर्ने उद्देश्यसहित सुरु भएको महायज्ञ यही कात्तिक १५ गतेसम्म चल्नेछ । महायज्ञबाट रु १० करोड आर्थिक सङ्कलन गर्ने लक्ष्य राखिएको छभने करिब रु ५० लाख खर्च हुने अनुमान छ । महायज्ञमा वाचन प्रवीण पण्डित दीनबन्धु पोखेलले कथा वाचन गर्नुभएको छ । गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको बताइन्छ ।

सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरीलेकमै अवस्थित छन् भने साइली गोरखकालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । छिम्केश्वरीबाट धौलागिरि, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रेलगायत हिमाल आँखै अगाडि हेर्न सकिन्छ । महाभारत शृङ्खलाको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरीलाई धार्मिक पर्यटनको केन्द्रविन्दु बनाउने गाउँपालिकाको लक्ष्य छ । धार्मिक पर्यटन केन्द्र बनाउनका लागि यस ठाउँलाई प्राथमिकता दिइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो ।

छिम्केश्वरीमा हाल वार्षिक रूपमा एक लाख पर्यटक आउने गरेका छन् । विशेषगरी यहाँ फागुपूर्णिमा, वैशाख १ गतेको नयाँ वर्ष लगायतका बेला यहाँ पर्यटकको ठूलो भीड लाग्ने गरेको छ । त्यसका अलवा दैनिक रूपमा पनि यहाँ पर्यटकको आगमन बढिरहेको छ । छिम्केश्वरी मन्दिर पुग्नका लागि गण्डकी प्रदेश सरकारको सहयोगमा पैदलमार्ग र रेलिङ निर्माण गरिएको छ । आर्थिक वर्ष ०७५/७६ मा रु ४१ लाख ६३ हजार ७०६ को लागतमा ४८६ मिटर ढुङ्गाको सिँढी निर्माण सम्पन्न भएको छ भने आर्थिक वर्ष ०७६/७७ मा रु ३५ लाख ९९ हजार १४१ को लागतमा ३०५ मिटर ढुङ्गाको सिढी र रेलिङ निर्माण सम्पन्न भइसकेको छ ।

# मोटरेबल पुल अलपत्र हुँदा अस्थायी पुलबाट यातायात सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, १० कार्तिक

मालिका गाउँपालिकाको केन्द्र दरबाङ बजारदेखि धवलागिरि गाउँपालिकाको धारापानी-ताकम हुँदै मुना जोड्ने सडकअन्तर्गत दाङखोलामा मोटर चल्ने पुल निर्माण योजना अलपत्र बनेको छ ।

मालिका-५ र धवलागिरि-७ को सिमानामा पर्ने फेदीस्थित दाङखोलामा ठेक्का सम्झौता भएको पाँच वर्षमा पनि पुल निर्माण सुरु नभएको हो । करिब १८ मिटर लामो पुल बनाउन पूर्वाधार विकास कार्यालय र इन्द्रेणी-फेवा जेभी पोखराबीच विसं २०७६ जेठ २२ गते ठेक्का सम्झौता भएको थियो ।

विसं २०७८ जेठ ८ गते सम्पन्न हुनुपर्ने पुलको निर्माण कार्य सुरु नै नभएको धवलागिरि-७ का वडाध्यक्ष अशोक खत्रीले बताउनुभयो । "धवलागिरिको केन्द्र मुनासहित पाँच वडालाई जोड्ने सडकमा नियमित यातायात सञ्चालनका लागि यो पुल आवश्यक छ", उहाँले भन्नुभयो, "पुल बनेर यातायात सञ्चालन हुनुपर्ने समयसम्म पनि निर्माण सुरु भएको छैन ।"

विसं २०७५ मा दाङखोलामा धवलागिरि गाउँपालिकाले निर्माण गरेको अस्थायी मोटरबल पुल जीर्ण भएको र नयाँ पुल निर्माण नहुँदा गुर्जा, लुलाङ, मुना, मुदी, ताकमका बासिन्दालाई आवतजावत गर्न समस्या भएको वडाध्यक्ष खत्रीले बताउनुभयो । पुल निर्माणस्थल म्याग्दीखोला जलविद्युत् आयोजनाको यसअघि प्रस्तावित बाँध निर्माणस्थलमा पर्दा सम्झौता लगत्तै कार्यक्षेत्रमा परिचालित निर्माण व्यवसायीले काम गर्न नपाउनु, विसं २०७७ को बाढीले निर्माणस्थलमा क्षति पुगेपछि पुलको दूरी बढाउनुपर्ने अवस्था आउनु र पछिल्लो समय निर्माण व्यवसायी अदालत गएपछि पुल निर्माण कार्य प्रभावित बनेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । काम नभएपछि कार्यालयले ठेकेदारलाई पेस्की दिएको रु ३३ लाख धरौटीबाट फिर्ता गरेको छ । म्याग्दी १(२) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले दाङखोलामा मोटरेबल पुल नबन्नुको मुख्य कारण दरवाङ म्याग्दी खोला जलविद्युत् आयोजना भएको बताउनुभयो । "सम्झौतालगत्तै आएका ठेकेदारलाई काम गर्न दिएको भए त्यही समयमा पुल बन्ने थियो", उहाँले भन्नुभयो, "सहमतिअनुसार दरवाङ म्याग्दीखोला जलविद्युत् आयोजनाले नै दाङखोलामा पुल बनाउनुपर्छ ।" जलविद्युत् आयोजनाको प्रवर्द्धक धौलागिरि कालिका हाइड्रोका निर्देशक तेजेन्द्र रोकाले दाङखोलाबाट हाल बाँध निर्माणस्थल इल्पुमा सारिएको र मोटरेबल पुलको विषयमा आफू नयाँ सञ्चालक भएकाले पुरानो सहमतिको विषयमा जानकार नभएको प्रतिक्रिया दिनुभयो । तत्कालीन निर्देशक हर्कमान मगरले दाङखोलामा सरकारी पक्षबाट पुल निर्माण हुन नसके आयोजनाले पुल बनाउने लिखित निर्णयमा हस्ताक्षर गर्नुभएको थियो ।

# देशमा पश्चिमी वायूको र न्यून चापीय प्रणालीको प्रभाव : मौसम पूर्वानुमान महाशाखा

पोखरापत्र संवाददाता
म्याग्दी, १० कार्तिक

हाल देशमा पश्चिमी वायूको साथै अरब सागरमा बनेको न्यून चापीय प्रणालीको प्रभाव रहेको छ ।

सोमबार दिउँसो बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशका पहाडी भूभागमा साधारणतया आंशिक बदली तथा बाँकी तराई भू-भागमा आंशिक बदली रहने छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार सबै प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक/दुई स्थानमा हल्का वर्षा/ हिमपातको सम्भावना रहेको छ ।

त्यसैगरी, सोमबार राति बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश लगायतका बाँकी पहाडी भू-भागमा साधारणतया बदली रही बाँकी तराई भू-भागमा आंशिक बदली रहने छ । गण्डकी र कर्णाली प्रदेशका पहाडी तथा हिमाली भूभागका थोरै स्थानहरुमा तथा लुम्बिनी प्रदेशलगायत बाँकी पहाडी तथा हिमाली भ-भूभागका एक दुई स्थानमा मध्यम वर्षा/हिमपातको सम्भावना रहेको महाशाखाद्वारा जारी मौसम बुलेटिनमा उल्लेख छ ।

# लेक लागेर तीर्थालुको मृत्यु

पोखरापत्र संवाददाता
मुस्ताङ, १० कार्तिक

मुस्ताङमा लेक लागेर एक जना तीर्थालुको मृत्यु भएको छ । मृत्यु हुनेमा ललितपुर उपमहानगरपालिका-१८ भैँसेपाटीस्थित निर्मल स्कुलका कार्यालय सहयोगी ४५ वर्षीय माधव तिमिल्सिना रहेका छन् । उनको सोमबार मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाका अनुसार तिमिल्सिना मुक्तिनाथ दर्शन गरी घरपझोङ गाउँपालिका-२ मार्फा पुग्दा अचानक बेहोस भएका थिए । उनलाई तत्कालै जोमसोमस्थित प्रदेश अस्पताल भर्ना गरिएको छ ।